(३) सेलाइन, डेक्सट्रुज वाटर उद्योग।
(४) सर्जिकल कटन र बाण्डेज उद्योग।
(५) स्वास्थ्य उपकरण र औजारहरू।

(च) अन्यः

(१) इञ्जिनियरिङ उद्योग।
(२) उद्योगमा प्रयोग हुने रसायनहरू।
(३) मलखाद।
(४) कीटनाशक औषधी।
(५) भेडाबाखापालन।
(६) कृषि औजार।
(७) बीज प्रशोधन।
(८) स्टार्च र ग्लूकोज।
(९) सुधारिएको चुल्हो।
(१०) ब्रिकेट।
(११) विद्युतका सामग्री।
(१२) भाच्छाका सामानहरू।
(१३) फोहर मैलामा आधारित उद्योगहरू।

## सूचना २

श्री ५ को सरकारले कम्पनी ऐन, २०२१ को दफा १४२ क. ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको "कम्पनी कानून परामर्श समिति" गठन गरेकोले यो सूचना प्रकाशित गरेको छ।

१. समितिको गठनः–

| | | |
|---|---|---|
| (क) महानिर्देशक | उद्योग विभाग | अध्यक्ष |
| (ख) उपनिर्देशक | वाणिज्य विभाग | सदस्य |
| (ग) प्रतिनिधि | कानून तथा न्याय मन्त्रालय | सदस्य |
| (घ) श्री ५ को सरकारबाट मनोनीत २ जवान विशेषज्ञ | | सदस्य |
| (ङ) प्रतिनिधि | ने. औ. वि. निगम | सदस्य |
| (च) प्रतिनिधि | सेक्यूरिटी ख. वि. केन्द्र लि. | सदस्य |
| (छ) प्रतिनिधि | नेपाल उद्योग वाणिज्य संघ | सदस्य |
| (ज) उपनिर्देशक | उद्योग विभाग, कम्पनी प्रशासन शाखा | सदस्य-सचिव |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. समितिले आवश्यक देखेमा श्री ५ को सरकारको कुनै अधिकृत वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा उपस्थित हुन आमन्त्रण गर्न सक्नेछ ।

३. समितिको काम, कर्तव्य र अधिकारः

(क) कम्पनी ऐनबाट प्रदत्त अधिकार प्रयोग गर्दा सम्बन्धित विभागले आवश्यक ठानेमा देहायको विषयहरूमा बेलाबेलामा माग गरेको राय सल्लाह दिनेः–

(१) कम्पनीको संस्थापन र स्वास्थ्य सञ्चालनसम्बन्धी,

(२) कुनै कम्पनीलाई शेयर डिबेन्चर खरिद गर्न आव्हान गर्न दिने वा शेयर पूँजी बढाउने घटाउने वा बोनस शेयर जारी गर्न दिने सम्बन्धी र

(३) कुनै कम्पनीको मूल उद्देश्यमा परिवर्तन हुने गरी प्रवन्धपत्र र नियमावलीको हेरफेर वा प्राइभेट कम्पनीलाई पब्लिक कम्पनीमा परिणत गर्न दिने वा कैफियत तलब जाँच गर्ने वा खारेजी वा मुद्दा मामिलासम्बन्धी ।

(ख) कम्पनी ऐन प्रशासन सम्बन्धमा उत्पन्न समस्याहरूको निराकरणका लागि सम्बन्धित विभागले बलाबेलामा आवश्यक देखेको तथा माग गरेको विषयमा राय सल्लाह दिने ।

(ग) प्रवन्धपत्र, नियमावली तथा विवरणपत्रबारे स्पष्ट सरलीकरण र एकरूपता ल्याउने विषयमा ढाँचा निर्धारण र समसामयिक सुधारको लागि आवश्यक परामर्श दिनु ।

(घ) उद्योगधन्दा र वाणिज्य विकास तथा विस्तारको निमित्त कम्पनी ऐनलाई समयोचित बनाई बढी व्यवहारिक र सरलीकरण गर्ने दिशामा ऐनको संशोधन मसौदासमेत तयार गर्ने विशेषज्ञको रूपमा सरसल्लाह र सहयोग गर्नु ।

(ङ) कम्पनी विषयमा विदेशी मुलुकहरूले प्रतिपादन गरेको नयाँ सिद्धान्त र नीति नियमबारेमा आफूलाई जानकारी भए वा हुन आएका कुराहरू सम्बन्धित विभागहरूलाई जानकारी गराउनु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२२

(च) कम्पनी ऐनमा अस्पष्ट भएका विषयहरूबारे र ऐनमा दोहोरो अर्थ लाग्न सक्ने विषयहरूमा समेत स्पष्ट कानूनी व्यवस्था नभएसम्म नीतिगत रूपमा कार्यान्वयन गर्न नीतिगत निर्णय सिफारिश गर्ने ।

(छ) कम्पनी ऐन प्रशासनसम्बन्धी विषयमा प्रशिक्षण दिने सम्बन्धमा सुझाव दिने ।

४. समितिको बैठकसम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

आज्ञाले,
राधारमण उपाध्याय
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२२